**सर्वोच्च अदालत, संवैधानिक इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**

**आदेश**

**०७९-WC-००४४**

विषयः <u>उत्प्रेषणयुक्त परमादेश।</u>

| | |
|---|---|
| दोलखा जिल्ला, तामाकोशी गाउँपालिका, वडा नं. १ बस्ने अधिवक्ता विरेन्द्रराज कार्की...............................................................................१ | निवेदक |

**विरूद्ध**

| | |
|---|---|
| निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं .............................................१ | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ..................१ | |
| प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखरा ........................................१ | |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा.....................१ | विपक्षी |
| प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश, पोखरा ............................................१ | |
| गण्डकी प्रदेश, मनाङ जिल्ला, प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत प्रदेश सभा सदस्यको रुपमा निर्वाचित प्रदेश सभा सदस्य दिपक मनाङ्गे भन्ने राजिव गुरुङ.........१ | |

नेपालको संविधानको धारा १३७ बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

**<u>संक्षिप्त तथ्य</u>**

१. **निवेदन बेहोराः**

म निवेदक मुलुकमा विधिको शासन हुनुपर्छ भन्ने मान्यता राख्दछु। २०७९ सालको आम निर्वाचनमा गण्डकी प्रदेश, मनाङ जिल्ला, प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ बाट पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत निर्वाचित दिपक मनाङ्गे भन्ने राजिव गुरुङको उम्मेदवारी प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) अनुसार अयोग्य

छ। अयोग्य व्यक्ति निर्वाचित हुँदा म निवेदकसहित जनता, समाज र देशमा नकरात्मक प्रभाव पर्नुका साथै विधिको शासन उल्लङ्घन हुन्छ। यसबारे उजुरीका वैकल्पिक उपचार नभएको, साथै सचेत नागरिकका हैसियतले तथा निर्वाचित भएका अयोग्य व्यक्तिको काम, कारवाही र निर्णयले भविष्यमा म समेतलाई असर पर्ने भएकाले मेरो सार्थक सम्बन्ध तथा सार्वजनिक सरोकार स्थापित हुन्छ। अतः उपचारका लागि सम्मानित सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकार समक्ष यो निवेदन पेश गरेको छु।

प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ "ज्यान मार्ने उद्योग" (स.फौ.नं. १५३३, सम्वत् २०६२) मुद्दामा मिति २०६१।१२।१८ मा पक्राउ परी काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१०।०७ मा २ वर्ष कैदको फैसला भएपछि मिति २०६३।१२।१८ मा थुनामुक्त भएका थिए। नेपाल सरकारले उक्त फैसला उपर तत्कालिन पुनरावेदन अदालत, पाटनमा पुनरावेदन (०६४-CS-१२७७) गरेपछि पुनरावेदन अदालतले जिल्ला अदालतको फैसला उल्टयाउँदै मिति २०६९।०४।२८ मा ५ वर्ष कैद ठहर गरेको छ।

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) ले खण्ड (घ) र (ङ) बाहेक अन्य कसूरमा ५ वर्ष वा सोभन्दा बढी सजाय पाएको र सो सजाय भुक्तान गरेको मितिदेखि ६ वर्ष नपुगेका व्यक्तिलाई उम्मेदवार हुन अयोग्य ठहर गरेको स्पष्ट व्यवस्था छ। प्रत्यर्थीले ५ वर्ष कैद सजाय पाएका र उक्त सजाय भुक्तान नगरेको अवस्थामा, ऐनको दफा १३(छ) अनुसार कैद भुक्तान गरेको मितिले ६ वर्ष समेत नपुगेको कुरा स्पष्ट छ। ऐ. ऐनको दफा १३ को खण्ड (छ) अनुसार निज उम्मेदवार हुन अयोग्य हुँदाहुँदै निर्वाचन आयोगलाई समेत गुमराहमा पारेर निज निर्वाचित भएको अवस्था रहेको छ। उम्मेदवार हुन अयोग्य व्यक्ति निर्वाचित भए पनि ऐनअनुसार निज अझै अयोग्य नै रहेको र प्रदेश सभामा उपस्थित भई काम गर्न नपाई स्वतः निलम्बन हुने विषयमा कुनै विवाद छैन।

नेपालको संविधानको धारा १७८ ले प्रदेश सभा सदस्यको योग्यताको व्यवस्था गरेको छ, जसको उपधारा (१)(ङ) मा "कुनै कानूनले अयोग्य नभएको" व्यक्ति मात्र योग्य ठहरिने उल्लेख छ। यस सन्दर्भमा प्रत्यर्थी राजिव गुरुङ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३(छ) बमोजिम अयोग्य पुष्टि भइसकेका छन्। अयोग्य व्यक्तिले ऐनको प्रावधान नजरअन्दाज गरी स्वतन्त्र उम्मेदवारको रुपमा उम्मेदवारी दर्ता गरी निर्वाचित हुनु

कानून विपरीत हो। अयोग्य व्यक्ति प्रदेश सभामा सदस्य हुँदा नीति निर्माण, कानूनी प्रक्रिया, आर्थिक र प्रशासनिक क्षेत्रमा अनुचित प्रभाव पार्ने, जसको असर म निवेदक, समाज र राष्ट्रले प्रत्यक्ष भोग्नुपर्ने हुन्छ भने विधिको शासनको उपहास समेत हुन्छ। तसर्थ, २०७९ साल मंसिर ४ को निर्वाचनबाट मनाङ जिल्ला, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङलाई अयोग्य घोषणा गरी सो पदबाट मुक्त गरी सो निर्वाचन र सम्बन्धित कामहरू बदर गरी पुनः निर्वाचन गराउन उत्प्रेषणसहित अन्य उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको विरेन्द्रराज कार्कीले यस अदालतमा दायर गरेको निवेदन।

२. **कारण देखाउ आदेशः**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत, प्रत्यर्थी नं. ३, ४, ५ को हकमा सम्बन्धित प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत तथा प्रत्यर्थी नं. ६ को हकमा आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा लिखित जवाफ पर्ने अवधि व्यतित भएको दुई हप्ताभित्र नियमानुसार पेश गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकले उठाएको विषयवस्तुको प्रकृतिबाट प्रस्तुत रिट निवेदन उपर पूर्ण सुनुवाई हुँदाका बखत निरुपण हुनु मनासिब देखिँदा हाललाई निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन। प्रत्यर्थी राजिव गुरुङ उपर चलेको ज्यान मार्ने उद्योग मुद्दामा पुनरावेदन अदालत पाटनबाट मिति २०६९।४।२८ मा भएको फैसला उपर यस अदालतमा कुनै निवेदन वा पुनरावेदन परेको भए सो सम्बन्धी मिसिल अवलोकनार्थ साथै राखी पेश गर्नु भन्ने **यस अदालतबाट मिति २०७९।१२।१ मा भएको आदेश।**

३. **निर्वाचन आयोगको लिखित जवाफ**

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २१ अनुसार उम्मेदवारको योग्यतामा दावी विरोध गर्न तोकिएको मिति, समय र स्थानमा उजुरी दिन सकिने व्यवस्था

छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ अन्तर्गत उम्मेदवारको योग्यतासम्बन्धी उजुरी दिन आयोगले मिति २०७९।६।२४ मा १०:०० देखि १५:०० बजेसम्मको समय निर्धारण गरी राजपत्रमा प्रकाशित गरेको थियो। मनाङ जिल्ला, गण्डकी प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवार राजिव गुरुङविरुद्ध सो अवधिमा कुनै उजुरी नपरेको र आवश्यक कागजातसहित उम्मेदवारी दिएकाले निजको उम्मेदवारी कायम हुनु कानूनसम्मत मानिन्छ। प्रदेश सभा सदस्य निर्वाचन ऐनको दफा २७ अनुसार एक मात्र उम्मेदवार कायम भएमा निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित भएको घोषणा गर्न सक्ने व्यवस्था छ। मनाङ क्षेत्र नं. २ मा राजिव गुरुङको मात्र उम्मेदवारी परेकाले मिति २०७९।६।२६ मा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निजलाई निर्विरोध निर्वाचित घोषित गरिएको हो। यस अवस्थामा निर्वाचन तथा सम्बन्धित कार्यहरू कानून विपरीत भएको भनी जिकिर लिन मिल्ने देखिंदैन।

प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८(६) अनुसार अनुसूची—६ को स्वघोषणामा मनाङ क्षेत्र नं. २ बाट उम्मेदवारी दिएका राजिव गुरुङले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्य नभएको उल्लेख गरी दस्तखतसहित विवरण पेश गरेका छन्। निजले आफू अयोग्य नभएको भन्ने स्वघोषणाका आधारमा आयोगले उम्मेदवारी कायम गरेको हो। यदि स्वघोषणामा त्रुटि भएमा त्यसको जिम्मेवारी निजकै हुने भएकाले आयोगलाई विपक्षी बनाउनु आवश्यक देखिंदैन। मनोनयनका क्रममा पेश कागजातहरूको परीक्षण गर्दा मनोनयन बदर हुने अवस्था नदेखिएकाले उम्मेदवारी कायम भई निर्वाचित भएको घोषणा गरिएको हो। तसर्थ, प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **निर्वाचन आयोगको लिखित जवाफ।**

४. **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ**

निवेदकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाउनुको कारण स्पष्ट उल्लेख गर्न सकेका छैनन् भने कुनै निकाय विरुद्ध दावी गर्दा त्यसको कानूनी वा संवैधानिक संलग्नता देखाउनुपर्ने हुन्छ तर निवेदकले यस्तो आधार प्रस्तुत गर्न सकेका छैनन्। नेपालको संविधानको धारा १७८(१)(घ) र (ङ) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३(छ) मा उम्मेदारको योग्यता/अयोग्यताको प्रावधान रहेको छ। उम्मेदवारले निर्वाचन आयोगमा आफु अयोग्य नरहेको भनि स्वघोषणा फारम भरी पेश

गरेको र निर्वाचन आयोगले सम्बन्धित कागजातहरू परीक्षण गरी उम्मेदवारी कायम राखेको र निर्वाचन आयोगले समय तोकी उजुरी दिने मौका दिएको थियो, तर तोकिएको समयभित्र राजिव गुरुङको उम्मेदवारी विरुद्ध कुनै उजुरी नपरेको हुँदा निजको उम्मेदवारी र निर्वाचन सम्पन्न परिणाम समेत कानूनसम्मत छ। रिट निवेदनमा नै उल्लेख भएअनुसार राजिव गुरुङले आंशिक कैद सजाय भुक्तान गरिसकेंको उल्लेख छ। यसबाट निज उम्मेदवारका रूपमा स्पष्ट अयोग्य देखिँदैनन् भन्ने पुष्टि हुन्छ। जँहासम्म निवेदकले ज्यान मार्ने उद्योग मुद्दाको सम्बन्धमा उठाएको कुरालाई राजिव गुरुङ स्वयं विपक्षी भएकाले उहाँबाट आउने लिखित जवाफबाट वस्तुस्थिति स्पष्ट हुने नै हुँदा रिट खारेज हुनु पर्छ खारेज गरी पाउँ भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

५. **गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लिखित जवाफ**

रिट निवेदकले यस कार्यालयलाई विपक्षी बनाए पनि कुन कार्य वा निर्णयबाट निवेदकको कानूनी वा संवैधानिक अधिकार हनन् भएको हो भन्ने कुरा स्पष्ट उल्लेख गर्न नसकेको तथा निर्वाचनको मनोनयन दर्ता, प्रक्रिया वा परिणाममा यस कार्यालयको कुनै भूमिका नभएको हुँदा यस कार्यालयको संलग्नता देखिँदैन तसर्थ यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन कानूनी रूपमा त्रुटिपूर्ण भएको निवेदन खारेज हुनु पर्छ भनी गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लिखित जवाफ।

६. **गण्डकी प्रदेश, प्रदेश प्रमुखको कार्यालयको लिखित जवाफ**

नेपालको संविधानको धारा १६६(१) र (२) बमोजिम प्रदेश प्रमुखले केवल संविधान वा कानूनले सिफारिस गरेका आवश्यक कार्यहरू मात्रै सम्पादन गर्ने र प्रदेश सभा सदस्यको अयोग्यता वा योग्यता सम्बन्धी निर्णय गर्न प्रदेश प्रमुखको कुनै भुमिका नहुने र निर्वाचन प्रक्रिया र उम्मेदवारी निर्णयमा प्रदेश प्रमुखको कुनै संलग्नतासमेत नभएको हुँदा, प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाउनु औचित्यपूर्ण नभएकाले रिट निवेदन खारेज गरिनु पर्छ भन्ने गण्डकी प्रदेश, प्रदेश प्रमुखको कार्यालयको लिखित जवाफ।

७. **प्रदेश सभा सचिवालय गण्डकी प्रदेशको लिखित जवाफ**

रिट निवेदनमा प्रदेश सभा सचिवालय गण्डकी प्रदेशको कुनै संलग्नता छैन। सचिवालयको के कस्तो कार्य वा निर्णयबाट निवेदकको कानुनी वा संवैधानिक अधिकार हनन् भएको हो भन्ने बारेमा स्पष्ट खुलाउन सकेको पनि छैन उम्मेदवारी दर्ता, अयोग्यता जाँच, निर्वाचित घोषणा लगायत सबै कार्य निर्वाचन आयोगको अधिकारक्षेत्र अन्तर्गत पर्दछ,

राजिव गुरुङ मिति २०७९।६।२६ मा निर्विरोध निर्वाचित भई आयोगबाट प्रमाणपत्र प्राप्त गरी पुनः प्रदेश सभामा प्रवेश गरेकाले सचिवालयले अन्य सदस्य सरह सपथ ग्रहण गराउने कार्य कानुन अनुसार नै गरेको हो। प्रदेश सभा सचिवालयलाई कुनै न्यायिक वा प्रशासनिक निकायबाट अयोग्यता सम्बन्धी निर्देशन प्राप्त नभएको हुँदा निर्वाचित सदस्यलाई रोक लगाउने कुनै आधार छैन। उम्मेदवारको अयोग्यता सम्बन्धी उजुरी दिने अवसर निर्वाचन आयोगले सुनिश्चित गरे पनि निवेदकले उक्त प्रक्रिया प्रयोग गरेको देखिँदैन भने यस सचिवालयले आयोगबाट प्राप्त वैधानिक आधारमा मात्र कार्य गरेको र निवेदकको दाबीले प्रदेश सभा सचिवालय गण्डकी प्रदेशको संलग्नता देखाउन नसकेकाले रिट निवेदन प्रथम दृष्टिमा नै खारेज योग्य रहेकोले खारेज गरी पाउँ भन्ने प्रदेश सभा सचिवालय गण्डकी प्रदेशको लिखित जवाफ।

८. **दिपक मनाङ्गे भन्ने राजिव गुरुङको लिखित जवाफ**

प्रदेश सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) को मनसाय अदालतबाट भएको फैसला अन्तिम भएपछि कैद सजाय भुक्तान गरेकोमा कैद भुक्तान भएको मितिले ६ वर्ष पुरा भएपछि मात्र कुनै पनि नेपाली नागरिक प्रदेश सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुनु योग्य हुन्छ भन्ने हो। म प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवारी पर्दा अदालतको फैसला अन्तिम भएको अवस्था छैन। तत्कालिन पुनरावेदन अदालत पाटनको फैसला उपर चित्त नबुझी मैले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरी मुद्दा विचाराधीन अवस्थामा रहेको र तत्कालिन पुनरावेदन अदालत पाटनले गरेको कैद वर्ष ५ बापत मैले नगद रकम धरौटी राखी तारेखमा रही मुद्दाको पुर्पक्ष गरी रहेकोमा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा मैले गण्डकी प्रदेश, मनाङ जिल्ला, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारी दिई गण्डकी प्रदेश सभाको सदस्यमा निर्वाचित भई कामकाज गरिरहेको छु।

सर्वोच्च अदालतबाट उक्त मुद्दा मिति २०८१।७।२० मा तत्कालिन पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी फैसला भएको र उक्त फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११(१)(ख) बमोजिम पुनरावलोकन गर्ने अवस्था विद्यमान रहनुको साथै फैसलामा प्रमाणीकरण भएको मितिले ६० दिन भित्र ऐ. ऐनको दफा ११(४) बमोजिम पुनरावलोकन गर्न पाउने मेरो कानूनी हक सुरक्षित रहेको अवस्थामा फैसलाको संक्षिप्त एवं पूर्णपाठ तयार नहुदै मलाई साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१क.

नं. को सुविधाबाट बन्चित गर्ने उद्देश्यले फैसला भएको ८ दिन भित्रै म पक्राउ परी कारागार कार्यालय, डिल्लीबजारमा थुनामा छु। फैसलाको पूर्णपाठ तयार भई प्रमाणित गरेको मितिले ६० दिन भित्र मैले सम्मानित सर्वोच्च अदालतको फैसला उपर पुनरावलोकनको निवेदन दर्ता गरी निस्सा पाउने नपाउने सम्बन्धमा टुङ्गो लाग्न बाँकी नै रहेको र निस्सा पाउने आदेश भएमा पुनरावलोकनको निवेदन पुनरावेदन सरह दर्ता भई, मुद्दाको अन्तिम निर्णय हुन बाँकी नै हुने हुन्छ।

सर्वोच्च अदालतमा २०७९ सालमा प्रस्तुत मुद्दा विचाराधीन रहेको अवस्थामा निर्वाचन आयोगले मलाई योग्य उम्मेदवार ठहर गरी गण्डकी प्रदेश सभा सदस्यमा निर्वाचित भई कार्यभार सम्हाली रहेको अवस्थामा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) को गलत र भ्रामक अर्थ लगाई विपक्षी रिट निवेदकले राम्रोसँग उक्त ऐनको प्रावधान नै अध्ययन नै नगरी हचुवाको भरमा दायर गरेको रिट निवेदनको कुनै औचित्य नै नभएकोले कपोलकल्पित एवं त्रुटिपूर्ण रिट निवेदन खारेज गरी मेरो प्रदेश सभा सदस्यको पद यथावत राखी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको दिपक मनाङ्गे भन्ने राजिव गुरुङको लिखित जवाफ।

**<u>यस अदालतको आदेश</u>**

९. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा मिसिल सामेल रहेको निवेदन सहितका कागजातहरु अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताद्वय डा. श्री सुरेन्द्र भण्डारी र श्री ईश्वरीप्रसाद भट्टराई विद्वान अधिवक्ताहरु श्री टीका बहादुर कुँवर, श्री प्रकाश रेग्मी, श्री शिवराम श्रेष्ठ र श्री धनजित बस्नेत तथा प्रत्यर्थी निर्वाचन आयोग समेतका सरकारी कार्यालयहरुका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधीवक्ता श्री सन्देश श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो।

१०. निवेदकका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले संविधानको धारा १७८ अनुसार उम्मेदवारको योग्यताको विषयलाई धारा १३७ र १८१ को रोहमा यसै इजलासबाट निरुपण गर्नुपर्ने हुन्छ। प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गलाई मिति २०६९।०४।२८ मा ज्यान मार्ने उद्योग मुद्दामा साविक पुनरावेदन अदालतबाट ५ वर्ष कैद सजाय ठहर भएको र निजले सजाय पूर्णरूपमा भुक्तान नगरिकनै प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३(छ) अनुसार अयोग्य हुँदाहुँदै निर्वाचन आयोगसमेतलाई गुमराहमा राखी गण्डकी प्रदेश सभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गरी मनाङ—२ बाट निर्वाचित

भएका छन्। प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ६ को प्रकरण १(ढ) मा न्यायिक निकायबाट लागेको सजाय बाँकी नरहेको भन्ने घोषणा गर्नुपर्ने व्यवस्था हुँदाहुँदै निजले बाँकी सजाय लुकाई झुट्टा विवरण पेश गरेका छन्। यस कारण निवेदन माग बमोजिम आदेश जारी हुनु पर्दछ भनी बहस गर्नुभयो।

११. यसैगरी, प्रत्यर्थी निर्वाचन आयोग समेतका सरकारी कार्यालयहरुका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ताले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २१ अनुसार उम्मेदवारको योग्यतामा दावी विरोध गर्न चाहनेले तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्ने व्यवस्था छ। तर मनाङ जिल्ला, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ का स्वतन्त्र उम्मेदवार राजिव गुरुङविरुद्ध तोकिएको अवधिमा कुनै उजुरी परेको देखिन्न। निजले उम्मेदवारीका लागि आवश्यक सम्पूर्ण कागजातहरू पेश गरेका र प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची—६ को स्वघोषणा फाराममा आफू अयोग्य नभएको भनी दस्तखतसहित विवरण पेश गरेकाले निजको उम्मेदवारी कायम गरिएको हो। यस अवस्थामा रिट निवेदकको माग अनुसार निर्वाचन तथा सो सम्बन्धी कामकारबाही बदर हुनु पर्ने आधार नभएकाले निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

१२. दिपक मनाङ्गे भन्ने राजिव गुरुङले प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा मनाङ क्षेत्र नं. २ बाट दिएको उम्मेदवारी कानूनसम्मत् नभएको र निज उक्त निर्वाचनमा अयोग्य रहँदा रहँदै निर्वाचित समेत भएकोमा उक्त निर्वाचनको समग्र प्रक्रिया बदर गरिपाउँन तथा संविधान र निर्वाचन कानूनले तोके बमोजिम निजको योग्यता नपुगेको हुँदा पदमुक्त गरिपाउँन मूल मागदावी लिई निवेदन दायर भएको देखियो।

१३. प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ बाहेकका अन्य प्रत्यर्थीहरुको लिखित जवाफ हेर्दा, उम्मेदवारको अयोग्यता सम्बन्धी उजुरी दिन निश्चित मिति, समय र स्थान तोकिएकोमा सो अवधिमा दिपक मनाङ्गे भन्ने राजिव गुरुङविरुद्ध कुनै उजुरी नपरेको; निजले आवश्यक कागजात र अयोग्य नभएको भनी दस्तखतसहितको अनुसुची ६ बमोजिमको स्वघोषणा फाराम पेश गरेकाले उम्मेदवारी स्वीकार गरेको र एकल उम्मेदवार भएकाले निर्विरोध विजयी घोषित भएका; स्वघोषणामा त्रुटि भए त्यसको जिम्मेवारी उम्मेदवारकै हुने; उम्मेदवारी दर्तादेखि निर्वाचित घोषणा र सपथ ग्रहणसम्म सम्पूर्ण प्रक्रिया कानूनसम्मत रूपमा सम्पन्न भएको; निवेदकले ऐन, प्रक्रिया र संविधान अनुसार सम्बन्धित निकायको भूमिकामा ठोस

आपत्ति वा अधिकार हनन देखाउन नसकेकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ।

१४. प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको लिखित जवाफ हेर्दा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३(छ) अनुसार, कैद सजाय भुक्तान भएको मितिले ६ वर्ष नपुगी उम्मेदवारी दिन नपाइने व्यवस्था भए तापनि, उम्मेदवारी दिंदा मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहनुको साथै धरौटीमा रही पुर्पक्षमा गरेको; सो अवस्थामा मनाङ जिल्ला, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट उम्मेदवार रही निर्विरोध निर्वाचित भई कामकाज गरिरहेको; तत्कालिन पुनरावेदन अदालत, पाटनको फैसला सदर गर्ने गरी सर्वोच्च अदालतबाट ज्यान मार्ने उद्योग मुद्दा मिति २०८१।७।२० मा फैसला भएको र फैसलाको पूर्णपाठ प्रमाणीकरण नभएकाले पुनरावलोकनको कानूनी हक अझै सुरक्षित रहेको; कानूनबमोजिम पूर्णपाठको प्रमाणीकरण मितिबाट ६० दिनभित्र पुनरावलोकन गर्न पाउने वैधानिक अधिकार कायम रहँदा पनि फैसला भएको ८ दिनमै कैदमा राखिएको अवस्थामा विपक्षी रिट निवेदकको रिट कपोलकल्पित, त्रुटिपूर्ण तथा ऐनको गलत व्याख्यामा आधारित भएकोले गण्डकी प्रदेश सभाको सदस्यता यथावत् राखी रिट खारेज गरिपाउँ भन्ने मूल बेहोरा उल्लेख भएको देखियो।

१५. उपर्युक्तानुसारका निवेदन बेहोरा र प्रत्यर्थीहरुको लिखित जवाफ रहेको प्रस्तुत मुद्दामा मिसिल कागजात अध्ययन गरी विद्वान कानून व्यवसायीहरुको बहस जिकिरसमेत सुनी हेर्दा निम्न विषयहरुमा निर्णय गर्नुपर्ने देखियो:

क. प्रदेश सभा सदस्य पदका लागि प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको योग्यता पुग्न सक्छ वा सक्दैन?

ख. निवेदन मागदावी बमोजिम निर्वाचन प्रक्रिया बदर हुनुपर्ने हो वा होइन?

ग. निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन?

१६. निर्णय तर्फ विचार गर्दा, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ ले उम्मेदवारको अयोग्यता सम्बन्धी उजुरी तथा निर्णय प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ। उक्त दफाको उपदफा (१) मा "**सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत आयोग समक्ष उजुरी दिन सकिनेछ**" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। प्रस्तुत

रिट निवेदन संविधानको धारा १७८ तथा १८१ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड ६ बमोजिम अयोग्य व्यक्ति निर्वाचित भएको हुँदा निजको प्रदेश सभाको पदलाई उत्प्रेषणको आदेशले बदर गरी पदमुक्त गरिपाउँ भन्ने माग रहेको देखिन्छ।

१७. यस्तै, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३ मा **कसैले पनि उम्मेदवारी दिँदा झुट्टा विवरण तथा कागजात संलग्न गरी मनोनयन पत्र पेश गर्न वा गर्न लगाउन हुँदैन** भन्ने व्यवस्था गरी यसको विपरीत कार्य भएमा निर्वाचन अधिकृतले नै जरिवाना गर्नसक्ने सम्मको कानूनी प्रावधान गरेको र ऐ. ऐनको दफा ४३ अनुसार यस्तो कार्य वा कसूर भएमा सम्बन्धित उम्मेदवारले निर्वाचन बदर गरी पाऊँ भनी उजुर गर्नुपर्ने कारण सिर्जना भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित अदालतमा उजुरी दिन सक्ने कानूनी प्रावधान रहेको देखिन्छ। यसै रोहमा ऐ. ऐनको दफा २ को खण्ड (क) र दफा ४१ हेर्दा अदालतको रुपमा सर्वोच्च अदालतको यसै संवैधानिक इजलासले मुद्दाको कारवाही र किनारा गर्ने कानूनी प्रावधान गरेको देखियो। साथै, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २ को खण्ड (क) ले समेत अदालतको रुपमा यसै संवैधानिक इजलासलाई परिभाषित गरेको देखिन्छ।

१८. संवैधानिक इजलासको क्षेत्राधिकार सिर्जना गर्ने क्रममा नेपालको संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (ख) मा **"सङ्घीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी"** विवादको शुरु कारवाही र किनारा समेत यसै इजलासबाट हुने, साथै, धारा १८१ मा **"प्रदेश सभाको कुनै सदस्य धारा १७८ बमोजिम अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्नेछ"** भन्ने व्यवस्था रहेको देखियो।

१९. प्रस्तुत विवादको सन्दर्भमा, निवेदन तथा लिखित जवाफबाट यी प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ सम्बत् २०७९ सालको गण्डकी प्रदेश सभा सदस्य निर्वाचनमा मनाङ क्षेत्र नं. २ बाट निर्विरोध निर्वाचित भएको तथ्यमा विवाद छैन। उपरोक्त अवस्थामा निजको उम्मेदवारी दिने योग्यता रहे नरहेको भनी सम्बन्धीत कानूनको विवेचना गर्दा निर्वाचनमा उम्मेद्वारी दिँदा निज उपरको ज्यान मार्ने उद्योग मुद्दा अन्तिम किनारा नभई सुरु जिल्ला अदालतबाट २ (दुई) वर्ष कैद सजाय भएकोमा तत्कालिन पुनरावेदन अदालतबाट सो फैसलामा केही उल्टी भई ५ (पाँच) वर्ष कैद सजाय कायम भएको र सो उपर सर्वोच्च

अदालतमा निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको पुनरावेदन निवेदन विचाराधिन रहेको देखिन्छ।

२०. अब, निरुपण गर्नुपर्ने प्रश्न तर्फ हेर्दा, सर्वप्रथम, प्रदेश सभा सदस्यका लागि संविधान तथा कानूनमा रहेको योग्यता सम्बन्धी प्रावधानलाई मध्यनजर राख्नु सान्दर्भिक हुने देखियो। प्रदेश सभाको सदस्यका लागि तोकिएको योग्यतासम्बन्धी संवैधानिक व्यवस्था हेर्दा संविधानको धारा १७८ मा देहायबमोजिमको व्यवस्था रहेको देखिन्छः

> १७८. प्रदेश सभाको सदस्यका लागि योग्यताः (१) देहायको योग्यता भएको व्यक्ति प्रदेश सभाको सदस्य हुन योग्य हुनेछः
>
> (क) नेपाली नागरिक,
>
> (ख) सम्बन्धित प्रदेशको मतदाता रहेको,
>
> (ग) पच्चीस वर्ष उमेर पुरा भएको,
>
> (घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
>
> (ङ) कुनै कानूनले अयोग्य नभएको, र
>
> (च) कुनै लाभको पदमा बहाल नरहेको

यसैगरी, प्रदेश सभाको सदस्यका लागि प्रचलित नेपाल कानूनले तोकेको योग्यता तथा अयोग्यतासम्बन्धी प्रावधानहरु हेर्दा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३ देहायबमोजिमको व्यवस्था रहेको देखिन्छः

> १२. उम्मेदवारको योग्यताः कुनै व्यक्ति निर्वाचनमा उम्मेदवार हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः
>
> (क) नेपालको नागरिक
>
> (ख) सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,
>
> (ग) पच्चीस वर्ष उमेर पूरा भएको,
>
> (घ) कुनै कानूनले अयोग्य नभएको, र
>
> (ङ) कुनै लाभको पदमा बहाल नरहेको।
>
> १३. उम्मेदवारको अयोग्यताः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछः-
>
> (क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) संगठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव तथा छुवाछुत, बोक्साबोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैद बसेकोमा कैद बसेको अवधिभर,

(ञ) मानसिक सन्तुलन ठीक नभएको,

२१. अब, प्रदेश सभा सदस्य पदका लागि निर्वाचनमा उम्मेद्वार हुन प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको तोकिएबमोजिमको योग्यता पुग्न सक्छ वा सक्दैन, निवेदन मागदावी बमोजिम निर्वाचन प्रक्रिया बदर हुनुपर्ने हो वा होइन भन्नेतर्फ हेर्दा, प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले निर्वाचन आयोगबाट निर्धारित कार्यतालिका बमोजिम तोकिएको निर्वाचन अधिकृतको कार्यालयमा मनोनयन पत्र दर्ता गर्ने गराउने समयमा ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला अदालतबाट भएको फैसला तत्कालिन पुनरावेदन अदालत, पाटनबाट केही उल्टी भई निजलाई मिति २०६९/४/२८ मा ५ वर्ष कैद सजाय ठहर गरिसकेको देखिन्छ। तत्कालिन पुनरावेदन अदालतको फैसला उपर निजले सर्वोच्च अदालतमा पुनरावेदन दर्ता

गरी मुद्दा पुनरावेदनको रोहमा विचाराधिन रहेकोमा सोको अन्तिम निर्णय मिति २०८१/७/२० मा भई तत्कालिन पुनरावेदन अदालत, पाटनबाट भएको ५ (पाँच) वर्ष कैद ठहरलाई नै सदर गरी फैसला भएको देखिन्छ। फैसला बमोजिम काठमाडौं जिल्ला अदालतको च.नं. ११५४, मिति २०८१/७/२७ को पत्रबाट निज कारागार कार्यालय, डिल्लीबजार चलान भएको र हाल निज कारागारमा रहे भएको समेत देखियो।

२२. नेपालको संविधानको धारा १७८ को उपधारा (१) को खण्ड (ङ) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ को खण्ड (घ) मा प्रदेश सभाको सदस्य हुनका लागि **"कुनै कानूनले अयोग्य नभएको"** हुनुपर्ने आधारभूत योग्यताको रूपमा उल्लेख गरिएको छ। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) मा **"... कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको"** व्यक्तिलाई अयोग्य मानिने व्यवस्था छ। साथै ऐ. दफाको खण्ड (झ) मा **"कैदमा बसेकोमा कैद सजाय बसेको अवधिभर"** त्यस्तो व्यक्ति उम्मेदवार हुन अयोग्य हुने व्यवस्था गरेको देखियो। तर, निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजीव गुरुङले आफूलाई तत्कालिन पुनरावेदन अदालतबाट लागेको कैद सजाय मध्ये भुक्तान हुन बाँकी कैदबापतको धरौट राखी मुद्दा पुनरावेदन गरी उक्त मुद्दा यसै सर्वोच्च अदालतमा विचाराधिन रहिरहेकै अवस्थामा निर्वाचित भएको तथ्यलाई निजले आफ्नो लिखित जवाफमा खुलाउनुको साथै उक्त दावीलाई निवेदकले समेत अन्यथा भन्न सकेको देखिएन।

२३. न्यायका प्रचलित मान्यता अनुसार सामान्यतयाः कुनै पनि तहको अदालतमा मुद्दा चलिरहँदा फैसलाउपर पुनरावेदन गर्न पाउने कानून बमोजिमको म्याद रहेसम्म फैसला कार्यान्वयन नगरिने सिद्धान्त समेत स्थापित भएका छन्। यस सिद्धान्तको महत्वपूर्ण अभिप्राय माथिल्लो तहको न्यायिक निकायले तल्लो तहको न्यायिक निकायको फैसलालाई परिवर्तन गर्न सक्ने हुँदा फैसला तत्काल कार्यान्वयन गर्दा यसले सम्बन्धित व्यक्तिको व्यक्तिगत स्वतन्त्रता पर्नसक्ने अपुरणीय क्षति (Irreparable loss) लाई मध्यनजर राखेको मान्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५३ मा समेत **"कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकोमा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म"** र **"कानून बमोजिम साधक पेश हुने मुद्दा भए पेश भएको साधकको निकासा नभएसम्म"** **फैसला कार्यान्वयन स्थगित हुने** भन्ने कानूनी प्रावधान गरेकै देखिन्छ। फैसला

अन्तिम नभएसम्म व्यक्तिको अधिकारमा प्रतिबन्ध लगाउन मिल्ने देखिएन। एक तहबाट कसूर ठहर भएको व्यक्तिलाई निर्वाचनमा उम्मेद्वार बन्नबाट प्रचलित कानूनले स्पष्टसँग रोक लगाएको अवस्थामा बाहेक तल्लो तहको अदालतले गरेको फैसला उपर चित्त नबुझाई प्रचलित कानून बमोजिम पुनरावेदन गरी मुद्दा विचाराधिन रहेकै अवस्थामा निजलाई कैदी सरह मानेर निर्वाचनमा भाग लिने राजनीतिक अधिकारमा संकुचन गर्नु न्यायसँगत हुँदैन।

२४. प्रस्तुत निवेदनको मूल जरियाको रुपमा रहेको ज्यान मार्ने उद्योग मुद्दामा तत्कालिन पुनरावेदन अदालतबाट दोषी ठहऱ्याइएको भएतापनि सर्वोच्च अदालतमा पुनरावेदन परी विचाराधीन रहेको अवस्थामा प्रत्यर्थीले निर्वाचनमा भाग लिंई निर्विरोध निर्वाचित भएको र यसै क्रममा प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसुची ६ बमोजिम निर्दिष्ट विवरणको १ को खण्ड (घ) कुनै सङ्घीय कानूनले अयोग्य नभएको, खण्ड (ढ) न्यायिक वा अर्धन्यायिक निकायबाट लागेको कैद सजाय, जरिबाना तिर्न बुझाउन बाँकी नरहेको भन्ने समेत उल्लेख भएको स्वघोषणा फाराममलाई समेत अन्यथा मान्न मिल्ने देखिएन। यसर्थ, निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङले मनोनयन दर्ता गर्दा र निर्वाचनको मतपरिणामको घोषणा हुँदाका बखत निजको योग्यता नपुगेको भन्न नमिल्ने हुँदा निज निर्वाचित घोषित भएको प्रदेश सभा सदस्य निर्वाचन मनाङ क्षेत्र नं. २ को निर्वाचनको प्रारम्भ देखिकै समग्र प्रक्रिया बदर घोषित गरिरहन पर्ने देखिएन। सो हदसम्म निवेदन मागदावी बमोजिम कुनै आदेश जारी गरिरहन परेन।

२५. अब, यस इजलासको आदेशानुसार अवलोकनार्थ पेस भएको पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ विरुद्ध नेपाल सरकार भएको ज्यान मार्ने उद्योग मुद्दाको मिसिल हेर्दा निज प्रत्यर्थीले मिति २०७५/१/२३ मा यस अदालतमा दर्ता गराएको पुनरावेदन पत्रउपर कारवाही भई मिति २०८१/७/२० गते फैसला हुँदा तत्कालिन पुनरावेदन अदालत, पाटनबाट मिति २०६९/४/२८ मा भएको फैसला सदर भएको देखियो। उक्त फैसलाको तपसिल खण्डमा हेर्दा यी प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङले जम्मा लागेको ५ (पाँच) वर्ष कैदमध्ये अझै २ वर्ष ४ महिना कैद सजाय भुक्तान गर्नुपर्ने भन्ने उल्लेख भएको देखियो।

२६. निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको लिखित जवाफमा समेत यस अदालतबाट मिति २०८१/७/२० मा भएको फैसलाले तत्कालिन पुनरावेदन अदालत, पाटनको मिति २०६९/४/२८ को फैसलालाई सदर गरी कैद अवधि ५ (पाँच) वर्ष कायम गरेको

भएतापनि अझै मुद्दा पुनरावलोकनको मार्ग बाँकी नै रहको र अदालतले निस्सा दिएमा उक्त पुनरावलोकन निवेदन पुनरावेदन सरह दर्ता भई मुद्दा पुनः चालु रहने र फैसला अन्तिम भएको नमानिने भन्ने जिकिर लिएको पनि देखियो। मुद्दा पुनरावलोकनसम्बन्धी न्याय प्रशासन ऐन, २०७३ को दफा ११[1] को उपदफा (२) ले निर्दिष्ट गरेको अवस्थाको विद्यमानता रही पछि प्रमाण भेटिएको वा प्रष्ट कानूनी त्रुटी रहेको अवस्था भएमा सोलाई सच्चाउने असाधारण उपाय वा विकल्पको रुपमा यसको परिकल्पना गरिएको हो। यसले मुद्दाका पक्षलाई थप पुनरावेदकीय अधिकारको सिर्जना गराउँदैन। अतः मुद्दा पुनरावलोकनको विकल्प बाँकी नै रहेको र अदालतले निस्सा दिएमा पुनः पुनरावेदन सरह कारवाही चल्ने भन्ने अनुमानका आधारमा यस अदालतबाट मिति २०८१/७/२० मा भएको फैसलालाई अन्तिम नमान्ने भन्ने मिल्ने देखिएन। प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको उक्त लिखित जवाफ जिकिरसँग सहमत हुन सकिएन।

२७. यस्तै, नेपालको संविधानको धारा १७८(१)(ङ) मा "***कुनै कानूनले अयोग्य नभएको***" व्यक्ति मात्र प्रदेश सभाको सदस्य हुन योग्य हुने व्यवस्था छ। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) मा "... ***कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको***" व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिने भन्ने स्पष्ट कानूनी व्यवस्था देखिन्छ। अतः निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङले ज्यान मार्ने उद्योग मुद्दामा ५ वर्ष कैद सजाय पाएको सजाय पूरा भुक्तान गरिसकेपश्चात् थप ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य रहने नै देखियो। यसर्थ, संवैधानिक र कानूनी प्रावधानबमोजिम उल्लेखित ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतको अन्तिम फैसला भएको मिति २०८१/७/२० देखि नै निज प्रत्यर्थी प्रदेश सभा सदस्यका रुपमा कानूनतः अयोग्य भएको देखियो।

---

[1] ११. पुनरावलोकन सम्बन्धी व्यवस्थाः (१) कुनै अदालतबाट फैसला वा अन्तिम आदेश गरिसकेको मुद्दा सोही अदालतबाट पुनरावलोकन गरिने छैन। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछः-

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकुल फैसला वा अन्तिम आदेश भएको देखिएमा।

...

२८. अब, प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङलाई पुनरावेदक प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ विरुद्ध नेपाल सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा यस अदालतले तत्कालिन पुनरावेदन अदालत, पाटनको फैसला सदर गर्दै ५ (पाँच) वर्ष कैद सजाय तोकिएपछि कैदमा रहेको अवस्थामा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्यताको अवस्थामा ऐ. ऐनको दफा १६ बमोजिम पदमुक्त हुने हो वा होइन भन्नेतर्फ विचार गर्नुपर्ने देखियो।

२९. संवैधानिक तथा कानूनी रुपमा प्रदेश सभा सदस्यको रुपमा पदमा रहिरहन अयोग्य घोषित भईसकेको व्यक्ति पदमुक्त हुने तथा निजलाई निर्वाचित गरेको निर्वाचन क्षेत्रको स्थान रिक्त हुने कानूनी व्यवस्थाको सम्बन्धमा हेर्दा नेपालको संविधानको धारा १८० मा देहायबमोजिमको व्यवस्था रहेको देखिन्छः

<u>१८०. प्रदेश सभा सदस्यको स्थान रिक्त हुनेः</u> देहायको कुनै अवस्थामा प्रदेश सभाका सदस्यको स्थान रिक्त हुनेछः-

(क) निजले प्रदेश सभाको सभामुख समक्ष लिखित राजीनामा दिएमा,

*(ख) निजको धारा १७८ बमोजिमको योग्यता नभएमा वा नरहेमा,*

(ग) प्रदेश सभाको कार्यकाल समाप्त भएमा वा विघटन भएमा,

(घ) निज प्रदेश सभालाई सूचना नदिई लगातार दश वटा बैठकमा अनुपस्थित रहेमा,

(ङ) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा,

(च) निजको मृत्यू भएमा।

यस्तै; प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १६ मा पद मुक्त हुने सम्बन्धमा देहाय बमोजिमको कानूनी प्रावधान रहेको देखिन्छः

<u>१६. पद मुक्त हुनेः</u>

(१) सदस्यको पदमा निर्वाचित कुनै व्यक्ति दफा १३ बमोजिम अयोग्य रहेको *अदालतबाट ठहर भएमा* निज त्यस्तो पदबाट मुक्त हुनेछ।

(२) उपदफा (१) बमोजिम पद मुक्त भएको जानकारी आयोगले सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(३) सदस्यको पदमा निर्वाचनित व्यक्तिको अयोगयता सम्बन्धमा अदालतमा उजुरी दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम सदस्य पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

३०. प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ पदमुक्त हुने सम्बन्धी माथि उल्लेखित कानूनी व्यवस्थालाई हेर्दा नेपालको संविधानको धारा १८० को खण्ड (ख) मा रहेको ***"निजको धारा १७८ बमोजिमको योग्यता नभएमा वा नरहेमा"*** भन्ने प्रावधान तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १६ को उपदफा (१) को ***"सदस्यको पदमा निर्वाचित कुनै व्यक्ति दफा १३ बमोजिम अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुनेछ"*** भन्ने प्रावधान आकर्षित हुने देखियो। माथिल्लो प्रकरणहरुमा विवेचित आधारमा निज प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङको योग्यता नेपालको संविधानको धारा १७८(१)(ङ) बमोजिम तोकिएको योग्यता नभएको तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) बमोजिम अयोग्य रहेको देखिएको हुँदा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) बमोजिम सजाय भुक्तान गरेको मिति ६ वर्ष नभएसम्म उम्मेदवार हुन अयोग्य ठहर भएका तथा ऐ. ऐनको दफा १६ बमोजिम आफ्नो पदबाट मुक्त हुने र संविधानको धारा १७८ बमोजिम योग्यता नभएका निज प्रत्यर्थीको स्थान ऐ. धारा १८० को खण्ड (ख) बमोजिम रिक्त हुने नै देखियो।

३१. जहाँसम्म यी संवैधानिक तथा कानूनी प्रावधानमा स्थान रिक्त हुने वा पदमुक्त हुने एकीन समयबारे उल्लेख नभएको अवस्थामा माथिल्ला प्रकरणमा विवेचित आधारबाट सर्वोच्च अदालतबाट मिति २०८१/७/२० मा प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ उपरको ज्यान मार्ने उद्योग मुद्दा फैसला भएपश्चात् निज उक्त प्रदेश सभा सदस्य पदका लागि अयोग्य ठहर भएको र मिति २०८१/७/२७ देखि नै निज प्रत्यर्थी कैदमा समेत गइसकेको देखिँदा प्रदेश सभा सदस्य पदमा रहिरहन योग्य नभएको अवस्थामा निजलाई सोही मिति २०८१/७/२० देखि नै गण्डकी प्रदेश, प्रदेश सभा सदस्य पदबाट पदमुक्त हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

(१) प्रस्तुत निवेदन दर्ता गर्दा निवेदकले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १६ बमोजिम राखेको धरौटी रकम रु.५,०००/- (पाँच हजार रुपैंया) कानून बमोजिमको प्रक्रिया पुरा गरी फिर्ता

माग्न आएमा फिर्ता दिनु भनी यस अदालतको आर्थिक प्रशासन शाखालाई जानकारी दिनू।

(२) प्रत्यर्थी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ गण्डकी प्रदेश सभा सदस्यको पदबाट पदमुक्त भएको सूचना प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १६ को उपदफा (४) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि प्रस्तुत आदेशको एक प्रति यस अदालतका रजिष्ट्रार मार्फत कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबारमा पठाईदिनू।

(३) प्रस्तुत फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी प्रचलित कानून बमोजिम प्रत्यर्थीहरु तथा महान्यायाधिवक्ताको कार्यालय समेतलाई दिनू।

(४) इजलासको आदेशानुसार अवलोकनार्थ झिकाईएका प्रमाण मिसिलहरु तत् तत् निकायमा बुझाइदिनू।

(५) नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनू।

(६) प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(सपना प्रधान मल्ल)
न्यायाधीश

उक्त आदेशमा सहमत छौं।

| (कुमार चुडाल) | (हरिप्रसाद फुयाल) | (कुमार रेग्मी) | (प्रकाशमान सिंह राउत) |
|---|---|---|---|
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश |

इजलास अधिकृतः राजेन्द्र पौडेल (उप-सचिव)
कम्प्युटर अपरेटरः हर्क माया राई
इति संवत् २०८२ साल असार ४ गते रोज ४ शुभम् ........................................।